आज मिति २०७८।०९।१६ गते शुक्रबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | हस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वडा अध्यक्ष वडा नं. ७ | रामप्रसाद |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | राजदेव ठाकुर |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | जहरी |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

### मिति २०७८।०९।१६

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) मि.न.पा. वडा नं.३ कार्यालयबाट मगर टोलमा रहेको अधुरो सामुदायिक भवन निर्माण गर्नको लागि रकम माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.२) मि.न.पा. वडा नं.५ कार्यालयबाट डिप ट्युवेल जल प्रवन्ध समितिको निवेदन बमोजिम पक्कि नाला, पाइप लाइन मर्मत र संस्थाको भवन मर्मतको लागि रकम माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.३) नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति, धनुषाबाट प्रादेशिक भेला तथा प्रशिक्षण कार्यक्रम गर्नको लीगि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.४) मि.न.पा. वडा नं.३ कार्यालयबाट मुसहरी टोलका वासिन्दाहरुलाई आवलोकन भ्रमण गर्नको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.५) मि.न.पा. वडा नं.७ स्थित खानेपानी तथा सरसफाई उपभोक्ता समितिबाट कार्यालय प्रयोजनको लागि कम्प्यूटर र प्रिन्टर माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.६) मि.न.पा. वडा नं.८ स्थित शितल गुम्बाबाट गुम्बा परिसर घेरबेरा गर्न आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.७) ईलाका प्रहरी कार्यालय, ढल्केवर, धुनषाबाट इन्धर र सवारी साधन मर्मत वापतको रकम भुक्तानीको लागि सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.८) मि.न.पा. वडा नं. ९ कार्यालयबाट हिकमत बहादुर पौडेलको पत्नि फल्गुनि देवी पौडेलको घर जिर्णोधार गर्न आर्थिक सहयोगको लागि सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.९) मि.न.पा. वडा नं. ९ कार्यालयबाट कालि प्रसाद वडालको पत्नि पर्मिला वडाललाई औषधी उपचार गर्न आर्थिक सहयोगको लागि सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.१०) मि.न.पा. वडा नं. ९ कार्यालयबाट अति विपन्न परिवारहरुलाई शौचालय निर्माण गर्नको लीगि सहयोगको लागि सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.११) जेष्ठ नागरिक सम्मान कार्यक्रम संशोधन सम्बन्धमा ।

प्रस्ताव नं.१२) मि.न.पा. वडा नं.१ कार्यालयबाट खेलाडि युवाहरुलाई स्पोर्ट्स सुज वितरण गर्नको लागि रकम माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१३) मि.न.पा. वडा नं.१ कार्यालयबाट मगर समुदायका सामाजिक तथा साँस्कृतिक कार्य संचालन गर्न बाजा सामाग्री वितरण गर्नको लागि रकम माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१४) नागरिक आयुर्वेद विज्ञानको शाखा खोल्न सिफारिस गरि पठाउने सम्बन्धमा ।

प्रस्ताव नं.१५) मि.न.पा. वडा नं.१० कार्यालयबाट विजया दशमीको अवसरमा नगरस्तरीय ब्याडमिन्टन प्रतियोगित सञ्चालन गर्दा लागेको रकम भुक्तानीको लागि माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१६) मि.न.पा. वडा नं.६ स्थित कविर सत्यसंग मन्दिरको देवाल निर्माण र सिदी बाजा खरिदको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१७) मि.न.पा. वडा नं.१० कार्यलयबाट बलभद्रको छोरा राम कुमार कार्कीलाई औषधी उपचार गर्न आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१८) मि.न.पा. वडा नं.११ बाट चुरे देखि लोटाहसम्मको बाटोमा खोल्सी निर्माणको लाीग आर्थिक सहायता माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१९) मि.न.पा. वडा नं.९ कार्यालयबाट मुसहर समुदायबाट गरिने भुईया महाराज पूजाको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.२०) मि.न.पा. वडा नं.४ कार्यालयबाट सत्य कविर धर्म संस्था कुटीको लागि निर्माण भएको सामुदायीक भवन अधुरो रहेको हुंदा बांकी निर्माण कार्य सम्पन्न गर्न रकम व्यवस्थाको लागि माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.२१) मि.न.पा.क्षेत्रका नगरवासीहरुलाई मतदाता परिचय पत्र तयार गर्न जिल्ला निर्वाचन कार्यालय, जनकपुरसम्म आवत जावत गर्न सवारी साधन सुविधा उपलक्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं.२२) समपुरक तथा विशेष अनुदानको लागि आयोजना/कार्यक्रम छनौट गरी राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२३) राष्ट्रिय राजनितिक दलहरुको महाधिवेशनको लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।

**बैठकका निर्णयहरु :**

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा वडा नं.३ कार्यालयको च.नं.१०२५ मिति २०७८।०९।११ को पत्रबाट मगर टोलमा रहेको अधुरो सामुदायिक भवन निर्माण गर्नको लागि रकम माग भएकोमा उक्त भवनको बाउण्ड्री वाल निर्माण गर्नको लीग विभिन्न समुदायहरुलाई फर्निचर तथा फिक्चर्स खरिद शिर्षकबाट रु.१,००,०००।- (अक्षरेपी एक लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा मि.न.पा. वडा नं.५ कार्यालयको च.नं.७०७ मिति २०७८।०९।११ को पत्रबाट डिप ट्युवेल जल प्रवन्ध समितिको निवेदन बमोजिम उक्त समिति मार्फत निर्माण भएका पक्कि नाला र पाइप लाइन मर्मत र संस्थाको भवन मर्मतको लागि रकम माग भएकोमा उक्त कार्यको लीग नगर मर्मत संभार शिर्षकबाट रु.२,००,०००।- (अक्षरेपी दुई लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति, धनुषाको च.नं.१५ मिति २०७८।०९।१३ को पत्रबाट पौष १८ गते राधाकृष्ण मन्दिरमा नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति र नेपाल तामाङ घेदुङ २ नं.प्रदेश कार्य समितिको संयुक्त आयोजनामा प्रादेशिक भेला तथा प्रशिक्षण कार्यक्रम गर्नको लीग आर्थिक सहयोग माग भएकोमा उक्त सिमिमितलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा मि.न.पा. वडा नं.३ कार्यालयको च.नं.९९९ मिति २०७८।०९।०४ को पत्रबाट मुसहरी टोलका ३१ जना वासिन्दाहरुको सामूहिक निवेदन अनुसार निजहरुलाई आवलोकन भ्रमण गर्नको लागि आर्थिक सहयोग माग भएकोमा उक्त कार्यको लीग विभिन्न समुदायहरुलाई फर्निचर तथा फिक्चर्स खरिद शिर्षकबाट रु.१,२५,०००।- (अक्षरेपी एक लाख पच्चीस हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.५) प्रस्ताव नं.५ मा छलफल गर्दा मि.न.पा. वडा नं.७ स्थित खानेपानी तथा सरसफाई उपभोक्ता समितिको च.नं.१० मिति २०७८।०९।११ को पत्रबाट कार्यालय प्रयोजनको लागि कम्प्यूटर एक थान र प्रिन्टर एक थान माग भएकोमा उक्त समितिलाई यस न.पा.कार्यालयको मौज्दातमा रहेको कम्प्यूटर र प्रिन्टर एक एक थान उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.६ मा छलफल गर्दा मि.न.पा. वडा नं.८ स्थित शितल गुम्बाको च.नं.०२ मिति २०७८।०९।०९ को पत्रबाट उक्त गुम्बा परिसर सात कठ्ठा पांच धुर ऐलानी जग्गामा पशु चौपायाहरुबाट बचाउन घेरबेरा गर्ने आर्थिक सहयोग माग भएकोमा उक्त कार्यको लागि विभिन्न समुदायहरुलाई फर्निचर तथा फिक्चर्स खरिद शिर्षकबाट रु.२,००,०००।- (अक्षरेपी दुई लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.७) प्रस्ताव नं.८ मा छलफल गर्दा ईलाका प्रहरी कार्यालय, ढल्केवर, धुनषाको च.नं.१९७ मिति २०७८।०९।१५ को पत्रबाट उक्त कार्यालयको गाडी नं.बा १ भ ७४६४ र प्रदेश ३-०१-००२ नम्बरको सवारी साधन र मातहतमा ईकाइमा रहेको मो.सा.हरु दैनिक गस्ती पेट्रोलिङ गर्नुका साथै हालको संघिय संरचना अनुसार VIP र VVIP ज्यूहरुको आवतजावत बढी हुने भएको हुंदा स्कर्टिङ गरिरहनु पर्ने भएको र यस क्षेत्र भित्र अपराधिक घटनाहरुमा संलग्न रही पक्राउ परेको अभियुक्तहरुलाई अनुसन्धानको शिलशिलामा म्याद थप गर्नको लागि जिल्ला अदालत धनुषामा दैनिक रुपमा जाने आउने लगायतका अन्य कार्यहरु समेत गर्दा सवारी साधनहरु पुरानो भई मर्मत संभार गराउन तालुक कार्यलयबाट बिनियोजन भई आएको बजेट रकमले दैनिक कार्य सञ्चालन गर्न अति नै कठिनाई भएको हुंदा उक्त सवारी साधनहरु विभिन्न मितिमा मर्मत गराएको वापतको संलग्न बिल बमोजिमको रकम र इन्धन वापतको जम्मा रु.१,९९,१७९।- भुक्तानीको लागि सहयोग माग भएकोमा उक्त कार्यको लागि सरकारी अर्धसरकारी कार्यालय सुदृधिरण शिर्षकबाट रु.७१,७६६।- (एकहत्तर हजार सात सय चैसाठी मात्र) सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.८) प्रस्ताव नं.९ मा छलफल गर्दा मि.न.पा. वडा नं. ९ कार्यालयको च.नं.१३३६ मिति २०७८।०९।१४ को पत्रबाट हिकमत बहादुर पौडेलको पत्नि फल्गुनि देवी पौडेलको घर सडक निर्माणको कार्य गर्ने क्रममा रोलर चलाउने क्रममा चर्किन गई भत्किने अवस्थामा रहेको र जिर्णोधार बिना बस्न असम्भव रहको साथै निज जेष्ठ नागरिक तथा एकल अवस्थामा रहेको र निजलाई संरक्षण गर्ने मानिसहरु समेत नरहेकोले उक्त घर जिर्णोधार गर्न असमर्थ रहेको हुंदा क्षतिपुर्ति तथा राहत स्वरुप आर्थिक सहयोगको लागि सिफारिस भएकोमा निज फल्गुनि देवी पौडेललाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

प्रस्ताव नं.९) प्रस्ताव नं.९ मा छलफल गर्दा मि.न.पा. वडा नं.९ कार्यालयको च.नं.१३१४ मिति २०७८।०९।०३ को पत्रबाट कालि प्रसाद वडालको पत्नि पर्मिला वडाल अति विपन्न रहेको हुंदा औषधी उपचार गर्न आर्थिक सहयोगको लागि सिफारिस भएकोमा निज पर्मिला वडाललाई औषधी उपचार गर्न अन्य सामाजिक सहायता शिर्षकबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१०) प्रस्ताव नं.१० मा छलफल गर्दा मि.न.पा. वडा नं.९ कार्यालयको च.नं.१३४९ मिति २०७८।०८।१४ को पत्रबाट वडा कार्यालयमा प्राप्त निवेदन बमोजिमका ७ (सात) अति विपन्न परिवारहरुलाई शौचालय निर्माण गर्नको लागि रिङ र सिट सहयोग स्वरुप उपलब्ध गराउनको लागि सिफारिस भएकोमा निम्न व्यक्तिहरुलाई शौचालय निर्माण गर्न नगर मर्मत संभार कोषबाट खर्च लेख्ने गरी एक एक थान रिङ र सिट वितरण गर्ने निर्णय पारित गरियो ।

१) राम बहादुर महरा चमार
२) बतुह महरा
३) ववित कुमारी महरा
४) सत्तन महरा
५) नथुनि महरा चमार
६) लिलम कुमारी राय
७) जनार्धि देविमहरा

निर्णय नं.११) प्रस्ताव नं.११ मा छलफल गर्दा यस मि.न.पा.कार्यालयको आ.व.२०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको जेष्ठ नागरिक सम्मान कार्यक्रमको लागि विनियोजित भएको रु.३० लाख र विपद व्यवस्थापन कोषमा विनियोजित भएको रकमबाट रु.२० लाख थप गरी जम्मा रु.५०,००,०००।- (अक्षरेपी पचास लाख) बाट जेष्ठ नागरिक सम्मान कार्यक्रम र शितलहर जोखिम न्यूनिकरण गर्न नियमानुसार ५,००० (पांच हजार) थान व्याग यस अघिकै प्रस्ताव बमोजिम खरिद गर्ने, ५००० थान डाइजेष्टिभ विस्कुट खरिद गर्न पुनः प्रकृया उठान गर्ने र ५००० थान सिरक (Blanket) खरिदको लागि प्रत्येक वडा कार्यालयलाई रु.३,००,०००।- दरले ११ वटा वडा कार्यालयको लागि जम्मा रु.३३,००,०००।- (अक्षरेपी तेतीस लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१२) प्रस्ताव नं.१२ मा छलफल गर्दा मि.न.पा. वडा नं.१ कार्यालयको च.नं.६३५ मिति २०७८।०९।१६ को पत्रबाट खेलाडी युवाहरुको निवेदन बमोजिम स्पोर्ट्स सुज वितरण गर्नको लागि रकम माग भएकोमा उक्त कार्यको लागि वडा नं.१ कार्यालयलाई विभिन्न समुदायहरुलाई फर्निचर तथा फिक्चर्स खरिद शिर्षकबाट रु.५०,०००।- (अक्षरेपी पचास हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१३) प्रस्ताव नं.१३ मा छलफल गर्दा मि.न.पा. वडा नं.१ कार्यालयको च.नं.६३४ मिति २०७८।०९।१६ को पत्रबाट मगर समुदायका सामाजिक तथा साँस्कृतिक कार्य संचालन गर्न बाजा सामाग्री ( साउण्ड सिस्टम, म्युजिकल सामाग्रीहरु) आवश्यक भएको हुंदा सो सामाग्री खरिद गरि वितरण गर्नको लागि रकम माग भएकोमा वडा नं.१ कार्यालयलाई उक्त कार्यको लागि विभिन्न समुदायहरुलाई फर्निचर तथा फिक्चर्स खरिद शिर्षकबाट रु.८०,०००।- (अक्षरेपी असी हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१४) प्रस्ताव नं.१४ मा छलफल गर्दा नागरिक आयुर्वेद विज्ञानको शाखा खोल्न सम्बन्धित निकायमा सिफारिस गरि पठाउने निर्णय पारित गरियो ।

निर्णय नं.१५) प्रस्ताव नं.१५ मा छलफल गर्दा मि.न.पा. वडा नं.१० कार्यालयको च.नं.६८८ मिति २०७८।०८।०९ को पत्रबाट २०७८ सालको महान चाड विजया दशमीको अवसरमा वडा नं.१० आयेजक रही श्रीमान नगर प्रमुखज्यूको तोक आदेश बमोजिम नगरस्तरीय ब्याडमिन्टन प्रतियोगित सञ्चालन गर्दा संलग्न बिलहरु बमोजिम लागेको रु.९९,६०८।- रकम भुक्तानीको लागि माग भएकोमा वडा नं.१० कार्यालयलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.९९,६०८।- (अक्षरेपी उनान्नब्बे हजार छ सय आठ मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१६) प्रस्ताव नं.१६ मा छलफल गर्दा मि.न.पा. वडा नं.६ स्थित कविर सत्यसंग मन्दिरको देवाल निर्माण र सिदी बाजा खरिदको लागि उक्त मन्दिरका महन्थ भूल्ला दासले यस न.पा. कार्यालयमा मिति २०७८।०९।११ मा आर्थिक सहयोगको लाीग निवेदन पेश गर्नु भएकोमा उक्त कार्यको लागि मठ मन्दिर गुम्बा चैत्य आदि निर्माण शिर्षकबाट रु.३,००,०००।- (अक्षरेपी तीन लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१७) प्रस्ताव नं.१७ मा छलफल गर्दा मि.न.पा. वडा नं.१० कार्यलयको च.नं.८४८ मिति २०७८।०९।१४ को पत्रबाट बलभद्रको छोरा राम कुमार कार्की अति विपन्न र रोगी समेत रहेको हुंदा निजको घर जग्गा तथा कुनै पनि आर्य आर्जन सहेत केही नरहेको र औषधी उपचार गर्न तथा दवाई खान समेत केही उपाय नभएको हुंदा आर्थिक सहयोग उपलब्ध गराउन माग भएकोमा निजलाई विपन्न नागरिक उपचार सहायता शिर्षकबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१८) प्रस्ताव नं.१८ मा छलफल गर्दा मि.न.पा. वडा नं.११ बाट चुरे देखि लोटाहसम्मको बाटो निर्माण गर्ने क्रममा नाला निर्माण गर्दा पहिले छरिएर बग्ने पानी एकमुष्ट भई केही व्यक्तिहरुको जग्गा तथा भरमा क्षती पुगेको हुंदा सोको लागि खोल्सी निर्माण गर्न आर्थिक सहायता माग भएकोमा उक्त कार्यको लागि मर्मत सम्भार कोष स्थापना तथा संचालन शिर्षकबाट रु.२,००,०००।- (अक्षरेपी दुई लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१९) प्रस्ताव नं.१९ मा छलफल गर्दा मि.न.पा. वडा नं.९ कार्यालयको च.नं.१४४५ मिति २०७८।०९।०१ को पत्रबाट मुसहर समुदायबाट परम्परागत रुपमा मनाउर्दै आएको भुईया महाराज पूजाको लागि उक्त समुदाय अति विपन्न रहेको हुंदा आर्थिक सहयोग माग भएकोमा उक्त कार्यको लागि अन्य सामाजिक संरक्षण शिर्षकबाट रु.१५,०००।- (अक्षरेपी पन्ध्र हजार हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२०) प्रस्ताव नं.२० मा छलफल मि.न.पा. वडा नं.४ कार्यालयको च.नं.१८६ मिति २०७८।०५।३० को पत्रबाट सत्य कविर धर्म संस्था कुटीको लागि आ.व.२०७७।०७८ मा निर्माण भएको सामुदायीक भवन अधुरो रहेको हुंदा बांकी निर्माण कार्य सम्पन्न गर्न रकम व्यवस्थाको लागि माग भएकोमा उक्त कार्यको लीगि मठ मन्दिर गुम्बा चैत्य आदि निर्माण शिर्षकबाट रु.६,००,०००।- (अक्षरेपी छ लाख मात्र) व्यवस्था गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२१) प्रस्ताव नं.२१ मा छलफल मि.न.पा.क्षेत्रका नगरवासीहरुलाई मतदाता परिचय पत्र तयार गर्न जिल्ला निर्वाचन कार्यालय, जनकपुरसम्म आवत जावत गर्न सवारी साधन सुविधा उपलब्ध गराउने प्रयोजनको लागि अन्य सामाजिक सुरक्षण शिर्षकबाट रु.१,००,०००।- (अक्षरेपी एक लाख मात्र) व्यवस्था गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२२) प्रस्ताव नं.२१ मा छलफल गर्दा राष्ट्रिय योजना आयोगबाट मिति २०७८।०८।२४ मा प्रकाशित सूचना अनुसार योजना सिफारिसको लागि यस मिथिला नगरपालिका कार्यालयबाट आ.व.२०७९।०८० को लागि समपूरकतर्फ नगरपालिका कार्यालय भवन निर्माण, मि.न.पा.१० रिङ्गरोड सडक निर्माण, मि.न.पा.१, ६ र ७ को रिङ्गरोड सडक निर्माण, मि.न.पा.१० धनेश्वर महादेव मन्दिर निर्माण, मि.न.पा. ३ रङ्गशाला निर्माण, मि.न.पा.३ बृद्धाश्रम निर्माण आयोजना प्रस्ताव पेश गर्ने र न.पा. कार्यालयतपर्लबाट गर्नुपर्ने लागत साझेदारीको लागि आगामी आ.व.मा वजेट व्यवस्था गर्ने साथै विशेष अनुदानतर्फ आधुनिक तरिकाले फोहोरमैला व्यवस्थापन र खानेपानी आयोजनातर्फ मि.न.पा ६ र ७ मा खानेपानी व्यवस्थापन आयोजना प्रस्ताव पेश गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२३)  प्रस्ताव नं.२३ छलफल गर्दा राष्ट्रिय राजनितिक दलहरुको महाधिवेशन सम्पन्न गर्नको लागि आर्थिक सहयोग माग भै अएमा राष्ट्रिस्तरका राजनितिक दलहरुलाई मात्र रु.५०,०००।- (अक्षरेपी पचास हजार मात्र) सम्म आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।